का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ पुस २०७९,
शनिबार
17 December 2022,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३०१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# रोकिन नचाहेका गगन

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले संसदीय दलको नेतामा चुनाव लड्ने तयारी गरिरहेका छन् । चुनाव अगाडि नै प्रधानमन्त्री बन्ने उद्घोष गरेका गगन यसपटक दलको नेता नभएपनि प्रमुख नेताको लाइनमा बस्ने मूडमा देखिन्छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ पुस ।

निर्वाचन आयोगले निर्वाचनको अन्तिम नतिजा राष्ट्रपति कार्यालयमा बुझाएसँगै नयाँ सरकार गठनको बाटो खुल्दैछ । समानुपातिक तर्फका सांसदहरुले सोमबार प्रमाणपत्र बुझ्नेछन् । त्यसपछि दलहरुले दलको नेता चयन गर्नेछन् ।

दलको नेता चयन भएपछि सरकार गठनको बाटो खुला हुने संवैधानिक व्यवस्था छ । त्यसअनुसार, अबको प्रमुख काम राजनीतिक दलहरुभित्र दलको नेता चयन हुनेछ । यो चुनावबाट सात वटा दलले राष्ट्रिय दलको मान्यता पाएको छ ।

दलको मान्यता पाएको नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा, जनता समाजवादी पार्टी र जनमत पार्टीले दलको मान्यता पाएका छन् । यी दलहरुले दलको नेता चयन गरेपछि प्रधानमन्त्रीको उम्मेद्वार प्रष्ट हुनेछन् । कम्युनिष्ट र अरु साना दलमा संसदीय दलको नेता लगभग निश्चित छ ।

कुनै नाटकीय – बाँकी पृष्ठ २ मा

लिङ्ग छनौट गरी गर्भपतन गर्नु अपराध हो ।

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौं, नगराऔं ।
- प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो । त्यस्ता कार्य गर्नु वा गराउनु हुँदैन ।
- चिकित्सकले समेत त्यस्ता कार्यलाई निरुत्साहित गरी चिकित्सा पेसालाई मर्यादित बनाऔं ।

विभेदरहित समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# संसदमा शपथको तयारी

जेष्ठ सदस्य पहिचान गरेर शपथ ग्रहणका लागि मिति तय गर्ने संसद सचिवालयको तयारी छ । दलहरुको परामर्श लिएरै सचिवालयले आफ्ना कार्यहरु गर्ने सचिवालयका अधिकारीहरु बताउँछन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १ पुष ।

संघीय संसद सचिवालय नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरुको शपथग्रहणको तयारीमा जुटेको छ । निर्वाचन आयोगले राष्ट्रपति कार्यालयलाई सँगसँगै संघीय संसद सचिवालयलाई पनि निर्वाचित सांसदहरुको विवरण पठाएको छ । तर, उमेर नखुलेको भनी सचिवालयले आफ्ना कार्यहरु गर्ने सचिवालयका अधिकारीहरु बताउँछन् ।

संविधानत जेष्ठ सदस्यले राष्ट्रपतिसँग शपथ लिनुपर्छ । त्यसपछि जेष्ठ सदस्यले बाँकी २७४ सदस्यलाई शपथ खुवाउनेछन् ।

संसद सचिवालयका अधिकारीहरु जुनसुकै दिन शपथ खुवाउन तयार रहेको बताउँछ ।



संसद सचिवालयले पुनः निर्वाचन आयोगलाई पत्राचार गरेको छ ।

संघीय संसद सचिवालयका प्रवक्ता दशरथ धमलाका अनुसार निर्वाचन आयोगसँग सांसदहरुको जन्ममिति खुल्ने कागजातसहितका विवरण बुझाउन पत्राचार गरेको छ । बिहीबार आयोगले सचिवालयलाई नवनिर्वाचित सांसदहरुको विवरण पठाएको थियो । तर, सांसदहरुको उमेर नखुलेका कारण खुलाएर पठाउन निर्वाचन आयोगलाई शुक्रबार संसद सचिवालयले पत्राचार गरेको हो ।

निर्वाचित सांसदहरुको विवरण खुलेपछि संसद सचिवालयले जेष्ठ सदस्यको पहिचान गर्नेछ । जेष्ठ सदस्य पहिचान गरेर शपथ ग्रहणका लागि मिति तय गर्ने संसद सचिवालयको तयारी छ । दलहरुको परामर्श लिएरै तर, त्यस भन्दा अगाडि दलहरुसँग परामर्श लिने तयारी गरेको छ । यसका लागि संसदका महासचिव भरतराज गौत्तमले सर्वदलीय बैठक राख्ने तयारी गरेका छन् ।

निर्वाचन आयोगले प्रत्यक्ष र समानुपातिक तर्फबाट निर्वाचित सांसदहरुको नाम सार्वजनिक गरिसकेको छ । तर, समानुपातिक तर्फ निर्वाचित सांसदहरुलाई निर्वाचित भएको प्रमणपत्र दिइसकेको छैन् । यही पुष ३ गते समानुपातिकतर्फ निर्वाचित सांसदहरुलाई निर्वाचित भएको प्रमाणपत्र दिँदैछ । त्यसपछि लगत्तै दलहरुको परामर्श लिएर शपथको कार्यक्रम तय गर्ने संसद सचिवालयको तयारी छ ।

प्रतिनिधिसभामा १२ दलको प्रतिनिधित्व छ । राष्ट्रिय दलका रुपमा कांग्रेस, एमाले, – बाँकी पृष्ठ २ मा

# सत्ता समीकरणको सकस

समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित भएका सांसदहरूलाई निर्वाचन आयोगले निर्वाचित भएको प्रमाणपत्र दिए लगतै सरकार गठनको प्रक्रिया शुरु गर्ने राष्ट्रपति भण्डारीको तयारी छ । यसलाई मध्यनजर गर्दै राजनीतिक दलहरु सत्ता समीकरणको अन्तिम तयारीमा जुटेका हुन् ।



स्वभाविक रुपमा ठूलो दलको हैसियतमा कांग्रेसको नेतृत्वमा सरकार गठन हुनुपर्छ भन्ने हाम्रो भनाइ छ ।

**प्रकाशशरण महत**
**सहमहामन्त्री, कांग्रेस**



शान्तिप्रक्रियाका हस्ताक्षरकर्ता भएकाले प्रचण्डले अबको सरकारको नेतृत्व गर्नुपर्छ ।

**देव गुरुङ**
**महासचिव, माओवादी केन्द्र**



गठबन्धन दलले सरकार बनाउन अप्ठ्यारो पर्यो भने मुलुकलाई निकास दिन एमाले तयार छ । यद्यपि, हामीले धेरै दलसँग कुराकानी गर्नुपर्ने हुन्छ ।

**प्रदीप ज्ञवाली**
**उपमहासचिव, एमाले**

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १ पुष ।

प्रत्यक्ष निर्वाचित र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित प्रतिनिधिसभा सदस्यहरुको टुंगो लागिसकेको छ । तर, निर्वाचन आयोगले समानुपातिक सांसदलाई निर्वाचित भएको प्रमाणपत्र पुस ३ गते दिने तय गरेको छ ।

प्रत्यक्ष र समानुपातिकतर्फका सांसदले निर्वाचित भएको प्रमाणपत्र पाइसके पछि सरकार गठनको प्रक्रिया शुरु गर्ने राष्ट्रपति विद्यादेवी भण्डारीको तयारी छ । यसलाई मध्यनजर गर्दै राजनीतिक दलहरु सत्ता समीकरणको अन्तिम तयारीमा जुटेका हुन् ।

प्रतिनिधिसभामा १२ दलको प्रतिनिधित्व छ । राष्ट्रिय दलका रुपमा कांग्रेस, एमाले, माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनमत पार्टी छन् । थ्रेस होल्ड कटाउन नसकेका एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी (नाउपा) लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टी (नेमकिपा)को पनि प्रतिनिधिसभामा प्रतिनिधित्व छ ।

कांग्रेसका ८९, नेकपा एमालेका ७८, नेकपा माओवादी केन्द्रका ३२, नेकपा एकीकृत समाजवादीका १०, जनता समाजवादी पार्टी (जसपा) का १२, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का १४ र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का २० सांसद छन् । स्वतन्त्र सांसदहरुमा अमेरशकुमार सिंह, प्रभु साह, लालवीर चौधरी, योगेन्द्र मण्डल र किरणकुमार साह छन् ।

सरकार गठनका लागि १३८ सांसद आवश्यक पर्छ । गठबन्धन बनाएर चुनाव लडेका पाँच दलको सरकार बन्न बहुमत नजिक जनमत छ । सिके राउत नेतृत्वको नागरिक उन्मुक्ति पार्टी (नाउपा)ले सरकारमा जाने निर्णय गरेका – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# आप्रवासी कामदारको क्षतिपूर्ति रकम उपलब्ध गराउन फिफा अध्यक्षको ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ पुस

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (एनएनएसएम) लगायत नेपालका तीन दर्जनभन्दा बढी गैरसरकारी संस्थाले विश्वकप फुटबलका लागि कतारमा रंगशाला निर्माणमा खटिएका नेपालीसहित आप्रवासी कामदारको क्षतिपूर्ति रकम उपलब्ध गराउन फिफा अध्यक्षको ध्यानाकर्षण गराएका छन् ।

कतारमा विश्वकप फुटबलको फाइनल तथा तेस्रो स्थानका लागि खेल बाँकी रहँदा नेपालका आप्रवासी कामदारको पक्षमा वकालत गरिरहेका नागरिक संस्थाहरुले फिफाका अध्यक्ष जियानी इन्फान्टिनोलाई पत्र पठाउँदै भनेका छन्, 'कतारमा आप्रवासी कामदारले दुर्व्यवहारको सामना गर्नु परेको र क्षतिपूर्तिबाट बञ्चित भइरहेका बेला अन्य बाटो नहेर्न आग्रह गर्दछौं ।'

कतारले आप्रवासी कामदारको पक्षमा सुधारका धेरै काम गरेको र शिकायत नरहेको बताउँदै आएको छ । तर ध्यानाकर्षण पत्रमा सुधारका कामहरु धेरै ढिलो र अत्यन्तै न्यून रहेको भन्दै त्यसले आधारभूत मानवअधिकारबाट बञ्चित विपन्न अवस्थाका आप्रवासी कामदार तथा उनीहरुका आश्रित परिवारलाई न्यायको अनुभूति गराउन नसक्ने उल्लेख गरिएको छ ।

फिफा अध्यक्ष इन्फान्टिनोलाई लेखिएको पत्रमा अगाडि भनिएको छ, 'दुर्व्यवहारमा परेका कामदारहरु र प्रियजनहरु गुमाएका परिवारहरुले क्षतिपूर्तिको निरन्तर माग गरेका छन्, ज्याला र टुटेको सपनाका कथा नेपालीहरुको दैनिक जीवनको हिस्सा भएको छ ।'

विश्वकप फुटबलको समाप्तिसँगै अन्यायमा परेका आप्रवासी कामदारको अधिकार र उनीहरुले पाउनुपर्ने तलब तथा क्षतिपूर्तिको विषय ओझेलमा पारिने खतरा रहेको नेपाली संस्थाहरुको आशंका छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आएका नेपाली कामदारका शवका कफिनका तस्बिरहरुबाट धेरै नेपाली परिचित रहेको भन्दै पत्रमा भनिएको छ, 'त्यसैले हामी तपाईंलाई आग्रह गर्दछौं, हाम्रो देशका नागरिकहरु र अन्य सबै राष्ट्रियता भएका आप्रवासी कामदहरु अधिकारबाट बञ्चित हुँदा अर्को बाटो हेर्न बन्द गर्नुहोस् ।'

एम्नेस्टी इन्टरनेशनलका अनुसार नेपालका करिब ४ लाख – बाँकी पृष्ठ २ मा

## सप्ताहव्यापी अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस शुरु

**काठमाडौं/मस–** 'वैदेशिक रोजगारबाट प्राप्त सीप, पूँजी र ज्ञानः उद्यमशिलता, रोजगारी र राष्ट्रिय स्वाभिमान' भन्ने मुल नाराका साथ सप्ताहव्यापी अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस शुक्रबारबाट शुभारम्भ भएको छ । सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल र आप्रवासी श्रमिक दिवस मुल समारोह समितिले संयुक्तरुपमा आयोजना गरेको कार्यक्रमको शुक्रबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालले उदघाटन गरे । हरेक वर्ष १८ डिसेम्बरलाई अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस मनाइने गरिएको छ । १८ डिसेम्बर वरपरका सात दिन अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस सप्ताहको रुपमा बिबिध कार्यक्रम गरी मनाइने गरिन्छ । कार्यक्रमलाई मन्त्रालयका सहसचिव राजीव पोखरेल, रिटर्नी माइग्रेन्ट नेपालका केन्द्रीय सदस्य जितेन्द्र बानिया, सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालका अध्यक्ष हरिबहादुर थापाले सम्बोधन गरेका थिए ।

## ओमानमा श्रमिकको समस्या सुन्न छुट्टै हटलाइन

**मस्कट/मस–** ओमान रोयल प्रहरीले आप्रवासी श्रमिकको समस्या सुन्नका लागि छुट्टै हटलाइनको व्यवस्था गरेको बताएको छ । ओमानस्थित नेपाली दूतावासका अनुसार ओमान प्रहरीले श्रमिकका समस्या सुन्नकै – बाँकी पृष्ठ २ मा

सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड,
केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

मध्यान्ह
www.madhyanhadaily.com
२ पुस २०७९, शनिबार
17 December 2022, Saturday

# कर्णालीमा जातीय विभेदका घटना मोबाइलबाटै दर्ता

मान बहादुर बिश्वकर्मा/मध्यान्ह
कालीकोट, १ पुस

कर्णाली प्रदेशमा जातीय विभेद तथा छुवाछूतका घटनाहरु अब मोबाइल एप्समा दर्ता हुने भएको छ। विभेदका घटनाहरु दर्ताका साथै तथ्यांकीकरण हुने र समाधानका लागि पहल गर्न मोबाइल एप्समार्फत गर्न सकिने भएको हो। जातीय विभेद र छुवाछुत सम्बन्धी लामो समयदेखि काम गर्दै आइरहेको समता फाउण्डेशनले डिग्निटी एप्समार्फत घटनाहरु दर्ता गर्ने जनाएको छ।

कर्णाली प्रदेशका प्रदेश प्रमुख तिलक परियारले एक कार्यक्रमकाबीच उक्त मोबाइल एप्सको सार्वजनिक गरेका छन्। उनले एप्सबाट जातीय विभेद तथा छुवाछुतका घटनाहरुको विवरण एकीकृत गर्ने र समाधानका लागि पहल गर्न सघाउ पुग्ने बताए। विभेद तथा छुवाछुत अन्त्यका लागि एप्सबाट काम गर्न सहज हुने उनको भनाइ छ।




समता फाउण्डेशनका कार्यकारी अध्यक्ष प्रदीप परियारले कर्णाली प्रदेशभरमा दलितमाथि हुने जातीय विभेद तथा छुवाछुतका घटनाहरु यही एप्सको सहयोगबाट संकलन हुने बताए। उनले एप्स कर्णालीबाट पहिलो पटक सार्वजनिक गरिएको समेत जानकारी गराए।

दलितमाथि हुने विभेदका घटनाहरु अहिलेसम्म के कति भयो भन्ने तथ्यांक नरहेकाले एप्सबाट मासिक तथा वार्षिक तथ्यांक राख्न पनि सहज हुने उनको भनाइ छ। डिग्निटी एप्सका परिकल्पनाकार एवं समता फाउण्डेशनका प्रवन्धक तिरुपति परियारले एप्समा घटना अभिलेख दर्ता तथा फ्लोअप सबै गर्न सकिने जानकारी दिए। एप्स सञ्चालनका लागि कर्णालीका १० जिल्लामा एक/एक जना दलित अधिकारकर्मीलाई प्रशिक्षण दिइएको छ।

अधिकारकर्मीहरुले दलितमाथि हुने विभेद र छुवाछूतका घटनाहरु संलग्न गरी समाधानको पहल गर्ने उनले बताए। समता फाउण्डेशनका कर्णाली प्रदेश संयोजक मंगलसेन सार्कीले कर्णालीमा दलितहरुको संख्या बढी भएकोले यो मोबाइल एप्स पहिलोपटक कर्णालीबाट लागू गरिएको बताए। उनले यही एप्सबाट दलितमाथिको विभेद र छुवाछूतका घटनाहरुको एकीन तथ्यांक आउने जानकारी दिए।

नेपाल पत्रकार महासंघ जिल्ला शाखा सुर्खेतका अध्यक्ष ललित बसेलले एप्सबाट वास्तविक तथ्यांक संकलन गरिने भएकाले त्यसका आधारमा सार्वजनिक गर्न सहज हुने बताए।

# प्रदूषणको मापदण्ड पूरा नगर्ने गाडीलाई एक लाख जारिवाना

**काठमाडौं/मस–** वन तथा वातावरण विभागले पुस १ गतेदेखि प्रदूषण जाँच नगरी तोकिएको मापदण्ड पूरा नगरी सञ्चालन भएका सवारीसाधनलाई रु एक लाख जारिवाना गर्ने भएको छ। विभागले गत मंसिर २२ गते एक सूचना प्रकाशित गरी वायु प्रदूषणको मुख्य कारण गाडीबाट निस्कने धुवाँ र खुलारूपमा जलाउने फोहोर रहेको भन्दै प्रदूषण जाँच गरी तोकिएको मापदण्ड पूरा गरेर मात्र गाडी चलाउन आग्रह गरेको थियो। पछिल्लो समयमा काठमाडौं उपत्यकामा सञ्चालन भइरहेका गाडीमा धुवाँ निष्काशनको अवस्था दयनीय पाइएकाले प्रदूषण जाँच नगरेका गाडीलाई कारबाहीसहित जारिवाना गरिने विभागले जनाएको छ। यसैगरी विभागले प्रदूषण जाँच गरेरमात्रै गाडी चलाउन आग्रह गरेको छ। विभागले गाडीको धुवाँ निष्काशनको अवस्थाबारे



परीक्षणलाई प्रभावकारी बनाउनसमेत जनाएको छ। अहिले धुवाँ परीक्षण गर्दा मापदण्डभन्दा धेरै प्रदूषण गराइरहेका गाडीलाई एकपटकका लागि मर्मत गरी अवस्था दुरुस्त राख्न दिने गरेकामा शुत्रबारदेखि विभागको परीक्षणमा प्रदूषण जाँच पास हुन नसक्ने गाडीलाई रु एक लाखसम्म जरिवाना गर्ने विभागले चेतावनी दिएको छ। कैफियत भेटिएमा वातावरण संरक्षण ऐन, २०७६ को दफा ४१ उपदफा २ अनुसार जरिवाना हुने भएको छ।

छड्के जाँचमा प्रदूषण जाँचपासका रूपमा हरियो वा अन्य स्टिकरको अवधि बाँकी रहेको अवस्थामा पनि प्रदूषण जाँच अनुत्तिर्ण हुने गाडीलाई जरिवाना गरिने विभागले चेतावनी दिएको छ। साथै विभागले कसैले टोल छिमेकमा खुलारूपमा फोहोर जलाउने तथा खुलारूपमा फोहोर जलाएको पाइएमा गोप्यरूपमा जानकारी दिनसमेत आग्रह गरेको छ। यसरी खुलारूपमा फोहोर जलाउनेलाई कारबाही गरिनेसमेत विभागले जनाएको छ।

## रोकिन...

परिवर्तन नआएमा दलको प्रमुख नै नेता चयन हुनेछन्। जसपाका अध्यक्ष उपेन्द्र यादवले चुनाव हारेकाले अरु नेता चयन हुनेछन्। बाँकी दलहरुमा पार्टी प्रमुख नै दलको नेता हुने लगभग निश्चित छ। तर कांग्रेसमा भने दलको नेतामै चुनाव हुने पक्का देखिएको छ। सभापति एवम् प्रधानमन्त्र शेरबहादुर देउवा, बरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री गगन थापा र नेता शेखर कोइरालाले दलको नेतामा दावी गरेका छन्।

त्यसमध्ये देउवा, थापा र कोइरालाको दावी बलियो छ। देउवा र कोइरालाले कांग्रेसको चौधौं महाधिवेशनमा सभापति पदमा प्रतिस्पर्धा गरेकाले दलको नेता दावी स्वभाविक छ। तर यसपटक महामन्त्री थापाले पनि दलको नेतामा चुनाव लड्ने तयारी गरिरहेका छन्।

४ मंसिरको चुनाव अगाडि नै थापाले प्रधानमन्त्री बन्ने घोषणा गरेका थिए। त्यसैअनुसार, अर्का महामन्त्री विश्वप्रकाश शर्मा र नेता प्रदीप पौडेल सहितको साथ लिएर दलको नेतामा चुनाव लड्ने थापाको तयारी छ।

तर चुनाव नै हुँदा पनि देउवाले जित्ने संभावना धेरै छ। कांग्रेसले जितेको ८९ सांसद मध्ये पृष्ठभूमिका आधारमा देउवाले ५४ मत पाउने संभावना छ। देउवालाई वरिष्ठ नेता रामचन्द्र पौडेल, पूर्वमहामन्त्रीहरु शशांक कोइराला र प्रकाशमान सिंहले साथ दिने संकेत दिएका छन्। पूर्व उपसभापति विमलेन्द्र निधि र अहिलेका उपसभापति पूर्ण खड्का देउवाकै पक्षमा छन्।

त्यसबाहेक एनपी साउद, रमेश लेखक, रामहरी खतिवडा, दुर्लभ थापा, उदयशमशेर राणा, मोहन बस्नेत, वीरबहादुर बलायर, रमेश रिजाल, किशोरसिंह राठौर, विनोद चौधरी, पूर्णबहादुर तामाङ, खमबहादुर गर्बुजाले देउवालाई नै मत दिने नेताहरु बताउँछन्।

देउवा निकट डिल्लीराज पन्त, शंकर भण्डारी, श्यामकुमार घिमिरे, मोहन आचार्य, दीपक खड्का, सीता गुरुङ, शान्ति विक, रूपा विक, आशा विक, सरस्वती बजिमय, सीताकुमारी राना, सुशीला थिङले शेखर वा गगनलाई मत दिने संभावना कम छ। यस्तै ऐनबहादुर शाही, अजयकुमार चौरसिया, दिनेशकुमार यादव, महेन्द्रकुमार राय, पुष्पबहादुर शाह, टेकबहादुर गुरुङ, विष्णुकुमार कार्की, ज्ञानेन्द्र कार्की र नारायण खड्का पनि देउवाकै साथमा छन्।

बाँकी सांसदहरुले पनि शेखरले चुनाव लडेमा गगनले मत पाउने अवस्था देखिदैन। तर यिनै सांसदहरु मध्येबाट मत ल्याउनेगरी गगनले दलको नेताको चुनाव लड्ने मनसाय बनाइरहेका छन्। उनी निकट नेताहरुका अनुसार, गगनले यसपटक दलको नेता बनेर प्रधानमन्त्री बन्नु भन्दा पनि भावी मार्ग प्रष्ट पार्न चाहन्छन्। त्यो भनेको कांग्रेसको १५औं महाधिवेशनबाट सभापति बन्ने र फेरि प्रधानमन्त्रीको लाइनमा उभिन गगनले यसपटक दलको नेतामा जसरी पनि चुनाव लड्न चाहेका छन्।

यसअघि पनि गगनले यस्तै नीति लिएका थिए। पार्टीका पुराना नेताहरुसँगै १२औं महाधिवेशनमा केन्द्रीय सदस्य निर्वाचित भएका गगनले १३औं महाधिवेशनमा महामन्त्रीमै चुनाव लडे। उनी तेस्रो मात्रै भए। तर १४औं महाधिवेशनमा सवैभन्दा धेरै मत ल्याएर महामन्त्री जितेका थिए।

## संसदमा ...

माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनमत पार्टी छन्। थ्रेस होल्ड कटाउन नसकेका एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी (नाउपा) लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टी (नेमकिपा)को पनि प्रतिनिधिसभामा प्रतिनिधित्व छ।

यसपटक प्रतिनिधिसभामा कांग्रेसका ८९, नेकपा एमालेका ७८, नेकपा माओवादी केन्द्रका ३२, नेकपा एकीकृत समाजवादीका १०, जनता समाजवादी पार्टी (जसपा) का १२, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का १४ र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का २० सांसद छन्। स्वतन्त्र सांसदहरुमा अमेरशकुमार सिंह, प्रभु साह, लालवीर चौधरी, योगेन्द्र मण्डल र किरणकुमार साह छन्।

## सत्ता...

कारण सत्ता गठबन्धनलाई सरकार बनाउन अङ्कगणितका हिसाबले समस्या पर्ने देखिन्न। तर, पावर सेयरिङलाई लिएर नेकपा माओवादीले एमालेसँग पनि संवाद कायम राखेको छ। यसकारण नयाँ समिकरणको सम्भावनाबारे पनि बहस भएका छन्। अर्कोतर्फ कांग्रेस र एमालेका नेताहरु पनि संवादमा छन्। एमाले नेताहरुले सार्वजनिक रुपमै एमाले र कांग्रेसको सरकार बनाउनुपर्ने बताइरहेका छन्।

एमालेका उपमहासचिव प्रदीप ज्ञवाली सत्ता गठबन्धनले सरकार बनाउन नसके निकास दिन तयार रहेको बताउँछन्। उनी भन्छन्, ' गठबन्धन दलले सरकार बनाउन अप्ठ्यारो पर्यो भने मुलुकलाई निकास दिन एमाले तयार छ। यद्यपि, हामीले पनि धेरै दलसँग कुराकानी गर्नुपर्ने हुन्छ।'

सरकार गठनका सन्दर्भमा जसपा र लोसपाले पनि चासो राखेका छन्। दुबै दल सरकारमा जान तयार छन्। तर, सत्ता गठबन्धनले दुबै दललाई चुनावपछिको गठबन्धनको बैठकमा सामेल गराएको छैन्। तथापि, लोसपाले आफूलाई सत्ता गठबन्धनको हिस्सेदारका रुपमा दाबी गर्दै आएको छ।

लोसपाका वरिष्ठ नेता शरदसिंह भण्डारी भन्छन्, 'हामीले चुनावमा तालमेल गरेको हो। त्यही अनुसार आगामी दिनमा सहकार्य हुन्छ। सरकार बनाउन गठबन्धनलाई सहयोग गर्न पनि तयार छौं।' यसबीचमा लोसपाका अध्यक्ष महन्थ ठाकुरले प्रधानमन्त्री शेरबहादुर देउवासहितका नेताहरुसँग भेट गरिसकेका छन्।

नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले जनता समाजवादी पार्टीलाई सरकारमा लैजाने प्रयास गरेका छन्। जसपालाई सरकारमा ल्याउने सन्दर्भमा स्वमं कांग्रेस तयार नरहेको बताइन्छ।

साथसाथै, कांग्रेसले कम्युनिस्ट बाहेकको सरकार बनाउन सक्ने पनि कतिपयको आशंका छ। अनेकन आशंकाहरुले मुर्त रुप लिन केही दिन पर्खनुपर्ने छ।

कांग्रेसका सहमहामन्त्री प्रकाशशरण महत गठबन्धन कायमै रहने बताउँछन्। तर, सरकारको नेतृत्व कांग्रेसले गर्ने उनको भनाइ छ। उनी भन्छन्, 'स्वभाविक रुपमा ठूलो दलको हैसियतमा कांग्रेसको नेतृत्वमा सरकार गठन हुनुपर्छ भन्ने हाम्रो भनाइ छ।'

तर, नेकपा माओवादी केन्द्रका महासचिव देव गुरुङ माओवादीको नेतृत्वमा सरकार बन्नुपर्ने दाबी गर्छन्। उनी भन्छन्, 'जनयुद्ध र जनआन्दोलनको नेतृत्वकर्ता दलहरु देशका अभिभावक हुन्। मुख्यगरी बिचार र सिद्धान्त परिवर्तनको हिसाबले माओवादी देशको अभिभावक हो। यो जिम्मेवारीबाट पछि हट्नुहुँदैन। शान्तिप्रक्रियाका हस्ताक्षरकर्ता भएकाले प्रचण्डले अबको सरकारको नेतृत्व गर्नुपर्छ।'

पुष ३ गते निर्वाचन आयोगबाट समानुपातिक तर्फबाट निर्वाचित सांसदहरुले पनि निर्वाचित भएको प्रमाणपत्र प्राप्त गरेपछि सरकार गठनको प्रक्रिया शुरु गर्ने राष्ट्रपति भण्डारीको तयारी छ।

## आप्रवासी...

कामदारहरु कतारमा विभिन्न क्षेत्रहरुमा कार्यरत छन्।

ध्यानाकर्षण पत्र तयार गर्ने प्रवासी नेपाली समन्वय समितिका कार्यकारी निर्देशक सोमप्रसाद लामिछानेले भनेका छन्, '२०२२ को विश्वकप आयोजना गर्न आवश्यक पर्ने विशाल पूर्वाधार परियोजनाहरु निर्माणमा उनीहरुले ठूलो भूमिका खेलेका छन्। आप्रवासी कामदारका परिवार गरिबीको चपेटामा परेका छन्, बालबालिका विद्यालयबाट बाहिरिएका छन्, ऋण तिर्नका लागि मजदुरहरु फेरि पलायन हुन बाध्य छन्।'

फिफाले कतारमाथि दबाब दिएर आप्रवासी कामदारलाई न्याय दिलाउनुपर्ने भन्दै पत्रमा भनिएको छ, 'आप्रवासी कामदारहरु नेपाल फर्किसकेका खण्डमा ज्याला फिर्ता गर्न कतारले स्थापना गरेको क्षतिपूर्ति कोषमा पहुँच पुग्न असम्भव छ।'

## ओमानमा...

लागि ८००७७४४४ नम्बरको टेलिफोन छुट्याएको छ।

नेपाली दुतावासले रोजगारदाता कम्पनीले श्रमिकलाई आफूसँगै पासपोर्ट राख्न नदिएमा, करारमा उल्लेख गरिएभन्दा कम तलब दिएमा, अतिरिक्त पारिश्रमिक बिना बढी काम लगाएमा, पाउने सेवा सुविधा नदिएमा, भिसाको पैसा तिर्न लगाएमा वा आफ्नो समस्या कसैलाई भनेमा कारबाही गर्ने धम्की दिएमा ओमान रोयल प्रहरीलाई फोन गरेर उजुरी गर्न सकिने बताएको छ।

# नगरप्रमुख भ्रष्टाचारमा लिप्त भएको भन्दै विरोध

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, १ पुस




रौतहटको माधव नारायण नगरपालिकाका नगर प्रमुख बैजनाथ प्रसाद यादवमाथि नगरपालिकामा 'ब्रहमलुट' मच्चाएको आरोप लागेको छ। मेयर यादवले विना कुनै कार्यक्रम गैरकानूनी तरिकाले खाजा र खाना शीर्षकमा लाखौं रकम हिनामिना गर्नुका साथै कर्मचारीको नाममा पेश्की रकम निकासा आर्थिक हिनामिना गरेको आरोप लागेको हो।

नगरपालिका कार्यालयको आयोजनामा कुनै कार्यक्रम गर्नुपर्दा मात्र सहभागिहरुको खाजा र खानाको खर्च कार्यालयले व्यहोर्ने प्रावधान छ। तर मेयर यादवले कुनै कार्यक्रम नगरी जिल्लाको विभिन्न होटलमा खाना र खाजा खुवाएको भनी लाखौं रकम भुक्तानी गराएको रहस्य खुलेको हो।

मेयर यादवको आदेशमा बिल भरपाईको आधारमा गौरमा रहेको राज होटलको ४ लाख ९ हजार ३ सय, चन्द्रनिगाहपुरको एन प्लाजा होटलको २ लाख ४३ हजार र सोही ठाउँको पशुपति होटलको ४६ हजार रुपैयाँ भुक्तानी दिइएको लेखापाल रामबलम यादवले बताए। मेयर यादवको तोक आदेशमा भुक्तानी दिइएको उक्त होटलहरुमा नगरपालिकासँग सम्बन्धी कुनै कार्यक्रम नै नभएको पाइएको छ।

त्यस्तै, कुनै संस्था वा उपभोक्ता समितिको नाममा मात्र पेश्की दिनुपर्ने नियम छ तर माधव नारायण नगरपालिकाबाट चारजना कर्मचारीको व्यक्तिगत नाममा लाखौं रकम पेश्की निकासा गरिएको छ। पेश्की लिनेमा सरकारी कर्मचारीदेखि लिएर करारका कर्मचारीसमेत रहेका छन्।

विभिन्न कार्यक्रम सञ्चालन गर्ने भनी नगरपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृत मिश्रिलाल साहको नाममा ८ लाख ५० हजार, प्रशासन शाखा प्रमुख पृथ्वीनारायण यादवको नाममा १२ लाख, करारमा कार्यालय सहयोगीको रुपमा कार्यरत अर्जुन साहको नाममा ८ लाख र करारकै अर्का कार्यालय सहयोगी राजेश पण्डितको नाममा ७ लाख रकम कार्यक्रम सञ्चालन गर्नुभन्दा अघि नै अग्रिम भुक्तानी दिइएको देखिएको छ।

नगरको विकासका लागि आएको रकम विकास कार्यमा खर्च नगरी मेयर यादवले होटलमा खर्च गरेर ब्रहमलुट मच्चाएको स्थानीयहरुले बताए। मेयरमा निर्वाचित भएको ७ महिना बितिसक्दा पनि उनले अहिलेसम्म एउटा पनि ठोस काम गर्न नसकेको र जनताको विकास बजेट दुरुपयोग गरी अकुत सम्पत्ति आर्जन गर्न खोजेको भन्दै मेयर यादवको सामाजिक सञ्जालमा चर्को विरोध हुन थालेको छ।

जनता समाजवादी पार्टीका मधेश प्रदेश सदस्य श्याम विहारी यादवले माधव नारायणका मेयर बैजु यादव नगरपालिकालाई कमाउखाने भाँडो बनाएको आरोप लगाएका छन्। मेयर पदको आडमा कानूनलाई हातमा लिएर मेयर यादवले ७ महिनामै नगरपालिकालाई अस्तव्यस्त बनाइदिएको नेता यादवले बताए।

कर्मचारीलाई पेश्की, होटलको अनावश्यक विल भुक्तानी लगायत बहानामा मेयर यादवले आफ्ना कार्यकर्तालाई पाल्ने काम मात्र गरेको उनले बताए। मेयर यादवको कार्यशैलीले नगरवासी आजित भइसकेकोले भ्रष्टाचारमा लिप्त नभई जनताको कामप्रति उत्तरदायी भएर लाग्न उनले मेयर यादवलाई सुझाव दिए। मेयर यादवले गैरकानूनी एवं अनधिकृत रुपमा निकासा गराएको होटलको भुक्तानी र कर्मचारीको नाममा निकालेको पेश्कीको सम्बन्धमा आवश्यक छानविन हुनुपर्ने स्थानीयहरुले माग गरेका छन्।

# मानव अधिकार उल्लंघनका घटना दोब्बरले वृद्धि

**हुम्ला/मस–** जिल्लामा गत वर्षको तुलनामा मानव अधिकार उल्लंघनका घटना दोब्बरले बढेको पाइएको छ। मानव अधिकार वर्ष पुस्तक २०२३ को प्रकाशनपूर्व वार्षिक समीक्षा प्रतिवेदनमा जिल्लामा मानव अधिकार उल्लंघनका घटना बढेको उल्लेख छ। २०७८ पुस १७ गतेदेखि २०७९ मंसिरसम्म संकलन गरिएको प्रतिवेदन रिपोर्टमा मानव अधिकार उल्लंघनका ३२ वटा घटना रहेका इन्सेक हुम्लाका प्रतिनिधि नन्द सिंहले जानकारी दिए। गत वर्ष मानव अधिकार उल्लंघनका १२ घटना भएका थिए। जबरजस्ती करणी, जबरजस्ती करणी उद्योग र यौन दुर्व्यवहारका घटना लगायतका फौजदारी मुद्दाको संख्या बढेको पाइएको छ।




मानव अधिकार हुम्लाको आयोजनामा शुक्रबार भएको गोष्ठीमा हुम्ला जिल्ला बार ईकाइका सचिव राजन चन्दको अध्यक्षता र हुम्ला जिल्ला अदालतका श्रेस्तेदार उपसचिव कमल कुमार आचार्यको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा सरकारी वकिल पूर्णबहादुर केसी, नेपाली कांग्रेसका उपसभापति वसन्त रोकाया, हुम्ला उद्योग वाणिज्य संघका अध्यक्ष नामगेल तामाङ लगायतको उपस्थिति रहेको थियो।

# शान्ति मिशनमा नेपाली सेनाको तैनाथी संख्या छ हजार बढी

**काठमाडौं/मस–** संयुक्त राष्ट्र सङ्घको आह्वानमा नेपाली सेनाको शान्ति स्थापना कार्यको ईतिहासमै पहिलो पटक छ हजारभन्दा बढी नेपाली सेनाका फौज मिशनमा तैनाथ भई ऐतिहासिक कोसेढुङ्गा कायम भएको छ। 'मिनुस्का मिशन' सेन्ट्रल अफ्रिकन रिपब्लिकमा गत मंसिर २७ गते लाइट इन्फेन्ट्री बटालियनको अन्तिम डफ्फामा रहेका दुई सय दुई शान्ति सैनिकको तैनाथीसँगै शान्ति मिशनमा नेपाली सेनाको तैनाथी संख्या छ हजार १६ पुगेको छ। सन् १९५५ मा नेपालले संयुक्त राष्ट्र सङ्घको सदस्यता प्राप्त गरे पश्चात संयुक्त राष्ट्र सङ्घको आह्वानमा सन् १९५८ मा पाँच मिलिटरी अब्जर्भर युएनओजिआइएल मिशन लेवनानमा तैनाथ गरेसँगै शुरु भएको नेपाली सेनाको शान्ति मिशनको यात्राले छ दशकभन्दा बढीको समयावधि पूरा गरिसकेको छ। शान्ति मिशनको यस यात्रामा सन् १९७४ मा युएनइइएफ मिशन सिनाइ (ईजिप्ट) मा पहिलो नेपाली सैनिक कन्टिजेन्टको रुपमा पुरानो



गोरख गण सहभागी भएको थियो। हालसम्म नेपाली सेनाले संयुक्त राष्ट्र सङ्घीय ४४ वटा शान्ति मिशनमा सहभागिता जनाइसकेको छ। यस क्रममा नेपाली सेनाका एक लाख ४२ हजार पाँच सय ८५ सकलदर्जा शान्ति मिशनमा सहभागी भएकामा एक हजार नौ सय ८२ महिला सैनिक समावेश रहेका सैनिक जनसम्पर्क तथा सूचना निर्देशानालयले जनाएको छ। विश्व शान्ति स्थापनाको यस महायज्ञमा हालसम्म ७१ नेपाली सेनाका शान्ति सैनिकले आफ्नो प्राणको आहुती दिएका छन् भने ६८ जना सकलदर्जा घाइते भएका छन्।

हाल संयुक्त राष्ट्र संघमा फौज योगदान गर्ने राष्ट्रको मर्यादाक्रममा नेपाल तेस्रो स्थानमा रहेको छ भने विभिन्न १२ शान्ति मिशनमा नेपाली सेनाका छ हजार १६ जना सकलदर्जा (चार सय २९ महिलासहित) सहभागी भइरहेका छन्। यसैगरी संयुक्त राष्ट्रसङ्घीय शान्ति मिशन मध्य युएनडिओएफ मिशन सिरियामा फोर्स कमाण्डर, युएनआइएफआइएल मिशन लेवनानमा डेपुटी फोर्स कमाण्डर तथा एमआइएनयुएसएमए मिशन माली र युएनएमआइएसएस मिशन दक्षिण सुडानमा सेक्टर कमाण्डरको रुपमा नेपाली सेनाका रथीवृन्द कार्यरत छन्।

# साउनयता झण्डै १५ हजार सवारीसाधन दुर्घटनामा



**काठमाडौं/मस-** गएको मङ्सिर २७ गते काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिका-४ चलाल गणेशस्थानमा बा ३ ख ४३८५ नम्बरको रिजर्भ बस सडकमै पल्टिएर दुर्घटना हुँदा १७ जनाले ज्यान गुमाए। दुर्घटनामा २२ जना घाइते भए। बनेपा नगरपालिका-११ बाट ब्रतबन्धका लागि त्यहाँ पुगेर फर्किँदै गरेको बस अनियन्त्रित भई दुर्घटना भएको प्रारम्भिक अनुमान गरिएको छ।

सो दुर्घटनाको कारण खोज्न सहायक प्रमुख जिल्ला अधिकारी अमरदीप सुनुवारको संयोजकत्वमा गठित छानविन समितिले काम गरिहेको छ। घटनास्थलमा शुक्रबार अवलोकन गर्न पुगेका सुनुवारले गाडी अनियन्त्रित भइ सडक छेउको पहरामा ठोक्किएर दुर्घटना भएको अनुमान गरिए पनि छानवीनपछि मात्रै यकिन कारण खुल्ने जानकारी दिए।

यस्तै मङ्सिर २६ गते जाजरकोटको छेडागाड नगरपालिका-५ खातिजेवामा कर्णाली प्रदेश ०२-०० १ च ०४२९ नम्बरको जीप मध्यपहाडी सडकखण्डअन्तरगत भिरपाटीमा अनियन्त्रित दुर्घटना भयो। उक्त दुर्घटनामा १२ जनाले ज्यान गुमाए। उक्त दुर्घटनामा चालकसहित सबै यात्रुले ज्यान गुमाए। दुर्घटना कसरी भएको थियो भनेर जानकारी दिने कोही बाँकी रहेनन्।

दुर्घटनापछि गृहमन्त्री बालकृष्ण खाणले पहाडी क्षेत्रमा पटकपटक हुने दुर्घटना रोक्नका लागि विशेष ध्यान दिन मातहतका निकायलाई निर्देशन दिए।

यी दुई दुर्घटना प्रतिनिधि घटनाहरु मात्र हुन्। तर साँझ, बिहान तथा रातिका समयमा नियमित गुड्ने सवारी साधान नेपालका सडकमा दुर्घटनामा परेका छन्। चाडवाड, मेला, पर्व, भ्रमण र वनभोजका लागि प्रयोग गरिएका सवारीसाधन दुर्घटनामा बढी पर्ने गरेका पाइएका छन्।

गृहसचिव विनोदप्रकाश सिंह सचेतना नपुगेर दुर्घटना भएको नभई लापरबाही तथा यान्त्रिक समस्याका कारण भएको बताउँछन्।

सडकको अवस्था धेरै ठाउँमा कमजोर पाइन्छ। कतिपय दुर्घटना यान्त्रिक समस्याले भएका छन्। गत असार २१ गते रामेछापको सुनापाती गाउँपालिका-५ लुभुघाटमा कच्ची सडकको ठूलो घुम्तीमा हिलेदेवीबाट काठमाडौं आउँदै गरेको बा ३ ख ८३९६ नम्बरको बस भिरबाट खस्दा १३ जनाले ज्यान गुमाए। स्थानीयका अनुसार अघिल्लो दिनमात्रै सामान्य कसकास गरेर राखिएको बसको अवस्था राम्ररी जाँच नगराउँदा दुर्घटना भएको हो। ब्रेकले काम नगर्दा दुर्घटना भएको प्रहरीको निष्कर्ष छ।

भौगोलिक अवस्था, चालकको लापरबाही र सवारीसाधनको अवस्था राम्रो नहुँदा दुर्घटना वर्षेनि बढ्दै छन्। गृहसचिव सिंह धेरै दुर्घटनामा चालकको कमजोरी देखिएको बताउँछन्। मदिरा सेवन गरेर तथा लागूऔषध प्रयोग गरी सवारीसाधन चलाउने गरिएको पाइएको छ। अनुगमन गर्ने निकायको कमजोरी छ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राईले धेरैजसो दुर्घटनामा चालकको लापरबाही पाइएको बताए। 'सडकको अवस्था र यान्त्रिक गडबढीले पनि दुर्घटना बढिरहेका छन्' उनले भने। प्रहरीको अभिलेखअनुसार गत साउनयता झण्डै १५ हजार सवारीसाधन दुर्घटनामा परेका छन्। सो अवधिमा दुर्घटनामा ९९२ जनाले ज्यान गुमाएका छन्। दुई हजार व्यक्ति भन्दा बढी घाइते भएका छन्।

# बुद्ध एयरको ७२ सिटे जहाजमार्फत काठमाडौं–सुर्खेत उडान शुरू

**युवराज पंगाली/मध्यान्ह**
सुर्खेत, १ पुस

सुर्खेत विमानस्थलमा ७२ सिटे एटिआर जहाजले नियमित उडान शुरु गरेको छ। सुर्खेत उद्योग वाणिज्य संघको पहलमा निजी क्षेत्रको हवाई सेवा प्रदायक कम्पनी बुद्ध एयरले शुक्रबारदेखि काठमाडौं-सुर्खेत-काठमाडौं नियमित उडान शुरु गरेको हो। शुक्रबार काठमाडौंदेखि सुर्खेतको लागि बिहान ११:५४ मिनेटको समयमा प्राधिकरणका उच्च अधिकारीसहित ६५ यात्रु लिएर पहिलो व्यावसायिक उडान भरेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ।

उक्त जहाजले प्राधिकरणका उच्च अधिकारीसहित ५५ जना लिएर फर्किएको उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मण कँडेलले जानकारी दिए। सुर्खेत विमानस्थलमा गत कात्तिक ३० मा एटिआर जहाजमार्फत परीक्षण उडान (टेस्ट फ्लाइट) गरिएको थियो। उक्त परीक्षण उडान सफल भएपछि नियमित उडान सञ्चालन गरिने भएको हो।

बुद्ध एयरको एटिआर ७२ जहाजले काठमाडौं सुर्खेत गन्तव्यमा दैनिक एक उडान गर्नेछ। उक्त जहाजमार्फत




उडानले कर्णाली प्रदेशको पर्यटन क्षेत्रको विकासका साथै यात्रुहरुलाईसमेत टेवा पुग्ने विश्वास लिएको प्राधिकरणले जनाएको छ। एटिआर ७२ जहाजमार्फत नियमित उडान भएपछि उक्त रुटको हवाई भाडा पनि सस्तो हुने बताइएको छ। हाल काठमाडौं सुर्खेतसम्मको हवाई भाडा ७ हजारदेखि ११ हजारसम्म तोकिएको अध्यक्ष कँडेलले जानकारी दिए। यसअघि कम्पनीले ४७ सिट क्षमताको एटिआर-४२ जहाजमार्फत उक्त गन्तव्यमा दैनिक एउटा उडान गर्दै आएको थियो। एटिआर ७२ सिटे जहाजले नियमित उडान नगर्ने होकी भन्ने स्थानीयको शंका छ।

एक वर्ष पहिला पनि बुद्ध एअरकोको भन्दा कम भाडा दरमा गुण एयरलाइन्सले काठमाडौं-सुर्खेत व्यावसायिक उडान शुरू गरेको थियो। गुण एयरलाइन्सले उडान शुरु गरे पश्चात सुर्खेतबासी खुशी भएका थिए तर त्यो खुशी लामो समय टिक्न सकेन उडान शुरु गरेको केही दिनमै गुणले उडान बन्द गरेको थियो। काठमाडौं-सुर्खेत उडानका लागि भाडादर तोकी गुणले अनलाइन टिकटमा काठमाडौं-सुर्खेतका लागि रु आठ हजार ५ सय ४५, नौ हजार ५ सय ४५ र ११ हजार ४ सय २० भाडादर तोकेको उक्त एयरलाइन्सले दैनिक बिहान ८:३० बजे काठमाडौंबाट र सुर्खेतबाट ९:५० बजे उडान भर्ने गरेको थियो।

# लुम्बिनीका ट्रक व्यवसायी आन्दोलित




**बुटवल/मस-** लुम्बिनी प्रदेशका ट्रक व्यवसायी आन्दोलित भएका छन्। नेपालमा मालसामान ओसारपसार गरी राष्ट्रिय गौरवका आयोजनादेखि सामान्य निर्माणसम्मका आपूर्तिका लागि प्रयोग गर्दै आएका ट्रक व्यवसायी अहिले भारतीय ट्रकले समस्या पारेको भन्दै आन्दोलित भएका हुन्। लुम्बिनी ट्रक यातायात व्यवसायी सङ्घ, पश्चिमाञ्चल यातायात व्यवसायी समिति, वाणगङ्गा यातायात व्यवसायी समिति, राप्ति अञ्चल संयुक्त ट्रक व्यवसायी सङ्घ, लुम्बिनी साना तथा मझौला व्यवसायी समिति र ढुवानी व्यवसायी समितिले आज संयुक्त विज्ञप्तिसहित भैरहवा भन्सार कार्यालय परिसरमा नारा जुलुससहित विरोध प्रदर्शन गरेका हुन्।

ट्रक व्यवसायी महासङ्घ नेपालका केन्द्रीय उपाध्यक्ष लेखराज पोखरेलले भारतीय गाडीले ओभरलोड बोक्दा नेपाली व्यवसायी समस्यामा पर्नुका साथै सडक भत्किएको बताए। ट्राफिक प्रहरीले जरिवाना गरेर गाडी छोड्ने प्रवृत्ति गलत रहेको भन्दै उनले कानूनबमोजिम जानेमा ट्राफिक प्रहरी चुकेको बताए। लुम्बिनी प्रदेश संयोजक यमप्रसाद पाण्डेले तत्काल भारतीय ट्रकको ओभरलोड भार मिलान नगरे आन्दोलनका थप सङ्घर्षका कार्यक्रम गर्दै जाने बताए।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र नियमावली, २०५३ मा विदेशी गाडीले व्यावसायिकरूपमा सेवा सञ्चालन गर्न नपाइने व्यवस्था छ। हेभी इक्विपमेन्ट सामानबाहेक अन्य लुज सामान भन्सार विन्दुबाट पल्टी गराई नेपाली गाडीमा ढुवानी गराउनुपर्ने व्यवस्था छ। 'मालवाहक सवारीको स्पष्टरूपमा एक्सलको आधारमा भारवहन क्षमता तोकिएको र सो भारवहन क्षमताअनुसार छ चक्के गाडीको १० टन, १० चक्के गाडीको १७ टन, १२ चक्के गाडीको २१ टन र १४ चक्के गाडीको २५ टन भारवहन क्षमता तोकिएको अवस्थामा भारतीय ट्रकले कानूनले तोकिदिएको भारवहन क्षमताभन्दा अत्यधिक बढी मालसामान ओसार पसार गरेको अवस्था छ। तर यहाँ १२ चक्के ट्रकले ४० टनसम्म बोकि रहेका छन्, उनले भने।

मालवाहक सवारी साधनको भारवहन नियमनसम्बन्धी निर्देशिका, २०७४ को दफा ९ र १० मा भएको व्यवस्थाअनुसार प्रचलित कानूनले तोकेभन्दा बढी भारवहन गर्नुहुँदैन। उल्लङ्घन गरे कानूनबमोजिम जरिवाना र भार मिलान गरी मात्र पठाउने र बढी माल स्वयं सवारीधनीले भण्डारण व्यवस्था मिलाउने व्यवस्था गरेको र त्यसरी भार मिलान गर्दा भरसक भन्सार विन्दुमै मिलाउने र नभए नजिकको तौलपुलमा भार मिलान गर्नुपर्ने व्यवस्था गरेको छ। तर यस्तो व्यवस्था कार्यान्वयन हुन नसकेको ट्रक व्यवसायीको भनाइ छ। नेपाली ट्रक व्यवसायीले कानूनअनुसार चल्नुपर्ने माग राखेका छन्।

## मेयर साम्पाङको विवादित अभिव्यक्ति

# कारबाही गर्न आयोगको सिफारिस

**काठमाडौं/मस-** धरानका मेयर हर्कराज राई (साम्पाङ) ले दलित समुदायको अपमान हुने गरी सामाजिक सञ्जाल (फेसबुक) बाट अभिव्यक्ति दिएपछि दलित समुदायले आपत्ति जनाएका छन्। अहिले दलित अगुवाहरुले साम्पाङको अभिव्यक्तिमा विरोध समेत जनाएका छन्।

यसैबीच उक्त घटनाप्रति राष्ट्रिय दलित आयोगले कानुनी कारबाही गर्न सिफारिस समेत गरेको छ।

आयोगका अध्यक्ष देवराज विश्वकर्माले गृह मन्त्रालयलाई पत्राचार गर्दै आफूलाई संविधान र प्रचलित कानुनभन्दा माथि रहेको जस्तो अभिव्यक्ति सार्वजनिक गरेकोले कानुनी कारबाहीको लागि सिफारिस गरिएको बताए। मेयर साम्पाङ गएको मंगलबार




फेसबुकमा 'बल होइन, बुद्धि लगा चमारे बुद्धि' भन्दै पोष्ट गरेका थिए। यो पोष्ट आएपछि तराईका दलित समुदायको अपमान भएको भन्दै उनको आलोचना भइरहेको छ।

राष्ट्रिय दलित आयोगले पनि लगत्तै विज्ञप्ति जारी गर्दै अभिव्यक्ति सच्याउन र आत्मालोचना गर्न मेयर साम्पाङलाई आग्रह गरेको थियो।

मेयर साम्पाङले उक्त आग्रहलाई बेवास्ता गर्दै अझ दलित समुदायलाई अर्ती उपदेश दिने र कमजोरीप्रति कुनै सम्बोधन नगरी आफूलाई संविधान र प्रचलित कानुनभन्दा माथि रहेको जस्तो गरी पुनः अभिव्यक्ति सार्वजनिक गरेकोले कानुनी कारबाहीको लागि सिफारिस गरिएको आयोगले जनाएको छ।

आयोगका अध्यक्ष विश्वकर्माले पहिलो पटक जनप्रतिनिधिको हिसाबले सम्मान स्वरूप आत्मालोचना गर्न अपिल गरेपनि मेयर साम्पाङले उल्टै कानुन र संविधानभन्दा माथि रहे जस्तरी अर्ती उपदेश दिएकोले कारबाहीको लागि सिफारिस गर्नुपरेको बताएका छन्।

अध्यक्ष विश्वकर्माका अनुसार आयोगले सिफारिस गरेपनि सरकारलाई निर्देशन सरह नै हो। सरकारले कारबाही नगरे भेदभाव गर्नेलाई संरक्षण गरेको देखिने भएकोले कारबाही गर्नै पर्ने उनले बताए। यसैबीच, धरानका ३ जना कार्यपालिका सदस्यहरूसहित डेढ दर्जन संघसंस्थाहरुले पनि संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै मेयर साम्पाङलाई कानुन बमोजिम कारबाहीको माग गरेका छन्।

# नेहा र निहारिकासँग क्षतिपूर्तिको माग

**जलेश्वर/मस-** महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिकाले नेहा चौधरी र निहारिका सिंह राजपुत विरुद्ध रु.पाँच लाखको क्षतिपूर्ति माग गर्दै जिल्ला प्रशासन कार्यालयमा विज्ञप्ति बुझाएको छ।

नेहा चौधरीलाई पति डा पंकज चौधरीको घरमा प्रवेश गर्न नदिन आफूमाथि भूमिका खेलेको आरोप लगाउँदै नेहा र निहारिकाले आन्दोलन गराएको नगरप्रमुख रामदुलार साहले बताए।

नेहा र निहारिकाले नगरपालिकामाथि ढुङ्गामुढा, तोडफोड र आगजनी गराएर रु पाँच लाखको क्षति पुऱ्याएको भन्दै नगरप्रमुख साहले दाबी क्षतिपूर्ति भराउन निमित्त प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेलाई विज्ञप्ति बुझाएका हुन्।

ताल्चा लागेको घर अगाडि नै नेहाले धर्ना बसेपछि स्थानीयवासीले नेहालाई घरभित्र प्रवेश गराउनुपर्ने माग राख्दै आन्दोलन गर्न थालेका छन्। नेहा तथा उनका सहयोगीले आफूमाथि नेहाका सासू, ससुरालगायत परिवारका व्यक्तिलाई लुकाएर संरक्षण दिइरहेको आरोप लगाउँदै मङ्सिर २८ र २९ गते नगरपालिका भवनमा ढुङ्गामुढा, तोडफोड र आगजनी गरेको नगरप्रमुख साहद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। निमित्त प्रमुख जिल्ला अधिकारी न्यौपानेले शुक्रबार त्यस सम्बन्धमा बैठक बसेर सत्यतथ्य जाँचबुझ र अगाडिको कदमबारे निर्णय गर्ने बताए।

# धादिङ दम्पती हत्या: दुई बालक पक्राउ

**धादिङ/मस-** धादिङ मूलपानीमा भएको दम्पती हत्या अभियोगमा दुई बालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। घटनास्थलमै बसेर अनुसन्धानमा खटिएको प्रहरी टोलीले स्थानीय दुई बालकलाई अनुसन्धानका लागि नियन्त्रण लिएको हो। जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिका-३ मूलपानीको आहाले गाउँका ७४ वर्षीय बलबहादुर आलेमगर र ६७ वर्षीया निरमाया आलेमगर हत्या गरिएको अवस्थामा मङ्सिर २६ गते सोमबार बिहान घरमै फेला परेका थिए।

स्थानीयवासीका अनुसार प्रहरीले नियन्त्रणमा लिएका एक जना कक्षा ८ र अर्का कक्षा ६ मा अध्ययनरत बालक हुन्। उनीहरूसँग हत्या भएका दम्पतीले चलाउँदै आएको मोबाइल पनि प्रहरीले बरामद गरेको छ।

नियन्त्रणमा लिएका दुवै बालकमाथि अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक श्यामबहादुर खत्रीले जानकारी दिए। दुवैलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको छ।

# भाडामा भवन खोज्दै लुम्बिनीका दुई मन्त्रालय

**तुलसीपुर/मस-** लुम्बिनी प्रदेश प्रदेशको स्थायी राजधानी राप्ती उपत्यका (भालुववाङ)मा दुई मन्त्रालयका लागि भाडाको भवन खोजिएको छ। कृषि तथा भूमि व्यवस्थापन मन्त्रालय र शिक्षा तथा खेलकुद मन्त्रालयका लागि भाडाको भवन खोजिएको छ।

दाङ राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टका अनुसार कृषि मन्त्रालयका लागि वडा नं २ मा र शिक्षा मन्त्रालयका लागि वडा नं ८ मा भवन तयारी अवस्थामा राखिएको छ। बिहीबार मन्त्रालयका सचिवहरू आएर त्यो भवन हेरिसकेको उनले बताए। 'मन्त्रालयका सचिवहरू आएर भाडामा भवन लिने भनी सबै हेरिसक्नुभएको छ', उनले भने, 'एक हप्ताभित्रमा उहाँहरू आउँछु भन्नुभएको छ।'




प्रदेश मन्त्रिपरिषद्को पहिलो बैठकले पनि कर्मचारीलाई चार वर्गमा विभाजन गरेर आवास सुविधा दिने निर्णय गरेको छ। मन्त्रिपरिषद्का प्रवक्ता तिलकराम शर्माका अनुसार श्रेणीविहीन कर्मचारीलाई रु.तीन हजार पाँच सय, चौथो, सहायक पाँचौं र अधिकृतसम्मलाई रु.६ हजार मासिक आवास सुविधा दिने निर्णय भएको छ।

प्रदेशका १३ मन्त्रालय र प्रदेश योजना आयोगमा समेत गरी तीन सय ३७ कर्मचारी छन्। राजधानीअन्तर्गतका मन्त्रालय स्थानान्तरण गर्दा लाग्ने खर्च सम्बन्धित मन्त्रालयबाट भुक्तानी मिलाउने, खर्च शीर्षक नभएको हकमा अर्थ मन्त्रालयमा माग गर्ने निर्णय भएको छ।

राप्ती गाउँपालिका-३ लालमटियास्थित राप्ती प्राविधिक शिक्षालयलाई नजिकैको सरस्वती माविमा सारिएपछि त्यहाँका संरचना प्रयोग गरेर अहिले मुख्यमन्त्री कार्यालय, मुख्यमन्त्री आवासगृह, प्रदेश प्रमुखको आवासगृहलगायत निर्माण गरिएको हो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पनि बुधबारदेखि राप्ती उपत्यका देउखुरीबाटै काम शुरु गरेको छ।

प्राविधिक शिक्षालयकै क्षेत्रमा आन्तरिक, मामिला कानुन तथा सञ्चार मन्त्रालय, अर्थ तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका लागि सोही स्थानमै राख्ने गरी संरचना मर्मत गर्ने काम भइरहेको छ। अन्य मन्त्रालयको संरचनाका लीग भवन खोज्ने काम भइरहेको राप्ती गाउँपालिका अध्यक्ष प्रकाश विष्टले बताए।

स्वास्थ्य, जनसङ्ख्या तथा परिवार कल्याण मन्त्रालय र पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालयको कार्यालय भालुवाङमै सञ्चालनमा छन्। स्थायी राजधानी तोकिएपछि प्रदेशको स्थायी राजधानीलाई आवश्यक पर्ने संरचना निर्माण गर्न प्रदेश पूर्वाधार विकास प्राधिकरण गठन भई काम गर्दै आएको छ। विसं २०५० मा स्थापना भएको शिक्षालय १६ बिघा क्षेत्रफलमा फैलिएको छ। जहाँ अहिले तीन सय जना अटाउन सक्ने एउटा सभाहलसमेत छ। साना-ठूला गरेर ३५ वटा भवन रहेको राप्ती गाउँपालिका अध्यक्ष विष्टले बताए।

भालुवाङमै प्रदेश पूर्वाधार प्राधिकरणअन्तर्गत जग्गा एकीकरण आयोजनाको कार्यालय पनि खुलेको छ। विसं २०७७ असोज २० गतेको प्रदेशसभा बैठकले दाङको राप्ती गाउँपालिका, गढवा गाउँपालिका वडा नं १, २ र ३ तथा अर्घाखाँचीको शीतगंगा नगरपालिका वडा नं ८ र ९ लाई केन्द्र मानेर स्थायी राजधानी तोकेको थियो।

प्रदेशसभा भवन निर्माणको काम अन्तिम चरणमा पुगेको छ। त्यही भवनमा प्रदेशसभाको पहिलो बैठक बस्ने गरी तयारी गरिएको छ। राप्ती गाउँपालिका-३ लालमटियामा प्रदेशसभा भवन निर्माणकार्य भइरहेको छ।'पूर्वाधार निर्माणको काम लगभग अन्तिम चरणमा पुगेको छ', प्रदेश पूर्वाधार विकास प्राधिकरणका इन्जीनियर विष्णु केसीले भने, 'अब अन्य साना-तिना काम बाँकी छन्।'

प्रदेशसभा भवनको भित्रका काम सबै पूरा भइसकेको छ भने बाहिर 'इन्टरलक' लगाउने बाँकी छ। विद्युत् जोडिएको छ। रङ्गरोगन भइसकेको छ। अब बाँकी एसी राख्ने, टेबल, कुर्सी, कार्पेट बिछ्याउने, प्रदेशसभालाई चाहिने माइक्रोफोन राख्नेलगायत 'डेकोरेशन'को काम बाँकी छ। त्यो सबै जिम्मा प्रदेशसभाले लिएको छ।

# चितवन गार्डेन रिसोर्टलाई तीन लाख जरिवाना

**चितवन/मस-** विषाक्त खान खुवाएको चितवन गार्डेन रिसोर्ट (सिजिआर) लाई रु.तीन लाख जरिवाना गर्न अनुगमन समितिले प्रमुख जिल्ला अधिकारीलाई सिफारिस गरेको छ। मङ्सिर २३ गते सिजिआरमा भएको विवाहका जन्तीले खाएको खानामा विषाक्त वस्तु भेटिएपछि होटललाई जरिवाना गर्न सिफारिस गरिएको हो।

सहायक प्रमुख जिल्ला अधिकारी एवं बजार अनुगमन समिति चितवनका संयोजक चिरञ्जीवी शर्माको संयोजकत्वमा सरोकारवालासहित टोलीले अनुगमनपछि शुक्रबार प्रतिवेदन प्रमुख जिल्ला अधिकारी अस्मान तामाङलाई बुझाएको हो। समितिले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १६(२) अनुसार अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरी गुणस्तरहीन खाद्यवस्तु उत्पादन गरी सेवा प्रवाह गरेकाले सोही ऐनको दफा ३९ को १ (ख) अनुसार अधिकतम रु.तीन लाख जरिवाना तिराउन प्रमुख जिल्ला अधिकारीसमक्ष सिफारिस गरेको छ।

अनुगमन समितिले होटलले गरेको लापरबाहीपूर्ण कार्यका सात बुँदे कैफियतका आधारमा जरिवाना सिफारिस गरेको हो। अनुगमन समितिसमक्ष होटल सञ्चालकले सिल खोली दिन र सात दिनको समय दिन माग गरेको सहायक प्रमुख जिल्ला अधिकारी शर्माले बताउनुभयो। गत मङ्सिर २३ गते नवलपुरको गैंडाकोट-१ का गणेश ढकाल र भरतपुर-१० की करिश्मा अधिकारीको सो होटलमा भएको एक विहे भोजमा सहभागी भएका दुवै पक्षका झण्डै तीन सय जना खाना खाएपछि बिरामी भएका थिए।

भरतपुरको नेशनल सिटी अस्पतालमा झाडापखाला, वान्ता तथा रिङटा लागेर भर्ना भएका बिरामीबाट गरिएको नमूना परीक्षणमा उनीहरूले दिसामा पाइने इकोलाई भन्ने ब्याक्टेरिया पाइएको पुष्टि भएको सहायक प्रमुख जिल्ला अधिकारी शर्माले बताए।

होटलले खानामा गम्भीर लापरबाही गरेको पाइएको बताउँदै उनले दिसामा पाइने ब्याक्टेरिया नै भएको पुष्टि भएको बताए। सहायक प्रमुख जिल्ला अधिकारी शर्माले नपाकेको खाना, दही, सलाद, पानीपुरी, अचार आदिमा त्यस्तो ब्याक्टेरिया भएको हुन सक्ने बताए।

समितिको प्रतिवेदनमा सलाद सफा गर्न प्रयोग गरिएको रसायन उपभोग्य मिति समाप्त भएको, ढोका तथा झ्यालमा जाली नभएको, झिङ्गा देखिएको, कामदारको सरसफाइको अवस्था सन्तोषजनक नभएको उल्लेख छ। यसैगरी भान्सा र भाँडा माझ्ने ठाउँ एकै ठाउँमा रहेको, पिनट बटर र रसवरी उपभोग्य मिति समाप्त भएको र अभिलेख प्रणाली राम्रो नभएको उल्लेख छ।

## कला

■ नन्दलाल खरेल

# मौलिकताले सजिएका गीत-संगीतमा बद्री

अहिले धेरै नेपालीहरु बाध्यता वा कर्मले डोऱ्याएर विदेशीएका छन् । उनीहरु विदेशीएका मात्रै छैनन् धेरै देशहरुमा कर्महरुसँगै घरबारहरु पनि गरिरहेका छन् । तिनका सन्तानहरु लगभग नेपाली भाषा र संस्कृतिबाट टाढा भइसकेका छन् । नेपालमै भए गरेका युवायुवतीहरु पनि विदेशी संस्कार, भाषा र परम्पराबाट लित्त हुन थालिसकेका छन् । यस्तोमा नेपालीपनको जर्गेना गर्न, नेपाली भाषा र शब्द, परिवेशको जर्गेना गर्न प्रस्तुत गीतले निकै मिहिनेत गरेको छ ।

गीतकार बद्री पाण्डे नेपाली गीत-संगीत क्षेत्रको परिचित नाम हो । उनी दुई दशकभन्दा बढी समयदेखि गीत सिर्जनामा अनवरत लागिरहेका छन् । भावपुर्ण, सन्देशमुलक गीतहरुको रचना गरेर सांगीतिक आकाशमा प्रकाश छर्ने उनको यात्रामा उनकै केही गीतहरु भऱ्याङ भइरहेका छन् । ती गीतहरु आमदर्शक तथा श्रोताको मन-मनमा झुण्डिएका र हृदयमा सजिएका छन् । बद्रीका सयौं गीति रचना छन् । जसमध्ये धेरैले अधिक रुचाएका गीतहरुमध्ये पर्छन् 'वनकी चरी के भन्छे के', 'बाबाको कुम भन्दा', 'जाली रुमाल' र 'चौका परेपछि', 'खाएको कसम' ।

गीत सुन्दा जति राम्रा लाग्छन् त्यसको भाव त्योभन्दा बढी सुन्दर एवम् अर्थपुर्ण हुनुपर्छ भन्ने उनको बुझाइ छ । अनि मात्रै गीत अमर हुने पाण्डेको विश्वास छ । गीतले समाजलाई सुन्दर बाटोहरुमा डोऱ्याउनु पर्छ, सकारात्मक सन्देशहरु छर्नुपर्छ, हृदयका स्पन्दनहरु पगाल्नु पर्छ भन्छन् उनी ।

वरिष्ठ गीतकार कृष्णहरी बराललगायतले पनि उनका गीतहरुका मुक्तकण्ठले प्रसंशा गर्ने गरेका छन् । उनी अहिलेको कालखण्डमा नेपाली समाजले सन्देशमुलक भावसहितका गिति रचनाहरु हराउन थालेको बताउँछन् । बद्रीका गीतहरुमध्ये दर्शक श्रोताले सर्वाधिक मन पराएको गीत हो 'वनकी चरी' । जसको शब्द रचना यस्तो छ ।

*तिमी नआए मै आउँला ।*
*मायाको हात समाउँला ।*

*बनकी चरी के भन्छे के ?*
*मनकी चरी के भन्छे के ?*

*बन कि चरी के भन्छे काफल खाँउ भन्छे ।*
*मन कि चरी के भन्छे माया लाउँ भन्छे ॥*
*आउ न बसम् खामन कसम ।*
*सँगै बसेर पिरती गासम् ॥*

प्रस्तुत हरफहरु गीतको रूपमा जति लयबद्ध छन् उति नै सुन्दर शब्दहरुले उनीएका छन् । जसले नेपाली परम्परा, राष्ट्रियता र नेपालीपनलाई एकैसाथ समेटेको देखिन्छ । फलस्वरूप गीतलाई युटुबमा दर्शकश्रोताले चौतिस मिलियन पटक हेरिएका छन् । हरेकजसो सांस्कृतिक कार्यक्रमहरुमा, देउसी भैलोहरुमा उनकै गीत गुञ्जीरहेको हुन्छ ।

अहिले धेरै नेपालीहरु बाध्यता वा कर्मले डोऱ्याएर विदेशीएका छन् । उनीहरु विदेशीएका मात्रै छैनन् धेरै देशहरुमा कर्महरुसँगै घरबारहरु पनि गरिरहेका छन् । तिनका सन्तानहरु लगभग नेपाली भाषा र संस्कृतिबाट टाढा भइसकेका छन् । नेपालमै भए गरेका युवायुवतीहरु पनि विदेशी संस्कार, भाषा र परम्पराबाट लित्त हुन थालिसकेका छन् । यस्तोमा नेपालीपनको जर्गेना गर्न, नेपाली भाषा र शब्द, परिवेशको जर्गेना गर्न प्रस्तुत गीतले निकै मिहिनेत गरेको छ । जस्तो कि प्रस्तुत गीतमा परम्परागत नेपालीपन दर्शाउने झिल्के, हाँडी, टाँढी, आली, हिस्सी जस्ता ठेट नेपाली शब्दहरुले गीतलाई सुन्दर बनाएको छ । तर हिजोआजका गीतहरुमा भने आधुनिक नयाँ शब्दहरु, अङग्रेजी शब्दहरु तथा हिन्दी शब्दहरुको प्रयोग बढ्न थालेको देखिन्छ ।



> बद्रीका सयौं गीति रचना छन् । जसमध्ये धेरैले अधिक रुचाएका गीतहरुमध्ये पर्छन् 'वनकी चरी के भन्छे के', 'बाबाको कुम भन्दा', 'जाली रुमाल' र 'चौका परेपछि', 'खाएको कसम' । मौलिक शब्द तथा ठेट भाकाहरुलाई उनी जसरी समेट्छन्, माया प्रेमको गीत संगीतमा पनि त्यत्तिकै कलम चलाउँछन् । उनले आफ्ना गीतमा नेपाली माया प्रेमको लयलाई बेजोड रूपमा प्रस्तुत गरेका छन् । उनका गीत सुन्दा लाग्छ, नेपाली भाषा र मौलिकताप्रति उनको अघात प्रेम छ ।



जसले नेपालीपनलाई उडाज बनाएको छ नै । बद्रीको अर्को एउटा त्यस्तै गीतका लय शब्दहरु यस्ता छन् ।

*एउटा कुरा सुटुक्क भन्नु थियो सानीलाई*
*विर्सु भन्छु सम्झनामा आइरहने नानीलाई ।*
*दिन्छु एउटा जाली रुमाल तिम्लाई सम्झना*
*राख्छु दिलको कुनाकानी दिन्न बिर्सन ।*

'वनकी चरी' जस्तै यस गीतमा पनि सर्जकले नेपाली भाषा र मौलिकतालाई अधिक प्रेम दर्शाएका छन् । उनले यस गीतमा नेपाली माया प्रेमको लयलाई बेजोड रूपमा प्रस्तुत गरेका छन् । जाली रुमाल थमाएर कयन पुराना अग्रजहरुले कति प्रेम गरे होलान् कत्ति । धेरैले कसैको जाली रुमाल उपहार पाएरै पिरती गासेँ । त्यस्ता कथाहरु आज पनि सुन्न का कथाहरु धेरै सुन्न पाइन्छन् । नेपाली मौलिकताको यस गीतले प्रेमको धेरै मिठो भाषा पकडिएको छ । गीतले माया पिरतीको धेरै मिठो धुन उज्जागर गरेको छ । सुन्दर यस गीत सुन्दा जति मनमोहक लाग्छ, त्यो भन्दा बढी यसको शब्द सिर्जना ओझपूर्ण छ । जाली रुमाल, नानी, सम्झना, बिर्सना, सपनी, चिठ्ठी, अहा ! यी कति राम्रा नेपाली शब्द । कति राम्रा भाव बोकेको गीत । यस्ता गीतहरु सुनिरहँदा विगत सम्झेर टहलिने नेपालीहरु कति होलान् कति । हजारौलाई नोष्टाल्जीक बनाइरहने यी गीतहरु त्यसैले कालजयी छन् । त्यसैले त अमर छन् । अर्को एउटा गीत यस्तो छ ।

*खाएको कसम फिर्ता दिन मिल्छ र ?*
*दिएको बचन फिर्ता लिन मिल्छ र ?*
*तिमीसँगै जिउछु मर्छु, तिमिलाई माया गर्छु*
*भन्ने मान्छेलाई जानी जानी धोका पनि दिन मिल्छ र ?*

बद्री पाण्डे मौलिक शब्द तथा ठेट भाकाहरुलाई जसरी समेट्छन् उनी माया प्रेमको गीत संगीतमा पनि त्यत्तिकै कलम चलाउँछन् । उनका यिनै र यस्तै गीतहरुले नेपाली सांगीतिक आकाशमा आगामी दिनहरुमा पनि प्रकाश छरिरहुन् छन् । यस्तै-यस्तै सिर्जना र साहित्यले सांगीतिक दुनियाँमा हस्तक्षेप गरिरहुन् । सर्जक पाण्डेलाई शुभकामना ॥

## कविता

### विश्वास पग्लिएपछि



– त्रिपुरा खरेल

नाताको लट्ठीहरु समातेर
उक्लिदै ओर्लिदै माथि चढ्दा
खुडि्कलाको धरापबाट
सहारा सुल्किएर तल झर्छ
उठ्नु झर्नु, उचाल्नु पछार्नु
मानव प्रवृत्तिको चिनारी !
सहाराको अभावमा
मान्छेको शरीर धरमरिन्छ,
उक्लिएका कदमहरु
लट्ठीबिना लर्बरिन थाल्छन्
शरीर टेक्ने बिना बजारिन्छ
तब विश्वास पनि चोटसहित
चोइटिएर छातिभरि छरिन्छ
टिलपिल बलेको आडको दियो
उकासिदिने कोही नहुँदा
प्रेमको बत्तिमा ऐंजेरु पलाएर
सम्बन्ध धमिलिन जान्छ
नाता सन्देहवादमा परिणत हुन्छ
उध्रिएको विश्वासको मनलाई
दुष्ट विचारका माऊहरुले
धुजाधुजा पारिदिन्छन्
असल विचारहरुका क्षमादानले
तानतुन पारेर जोड्न नसक्दा
अझ माऊ थपिँदै जान्छन्
एउटा माथिबाट सुल्किएपछि
चोट पटकहरु अझ धेरै थप्छ
चोट रहित, त्यो दङ्गदास हुन्छ
अर्को घाइतेले बदला रोप्छ
दूरी यसरी तन्किदै जान्छ
चोट रहित, चोटसहितको द्वन्द्वमा
विश्वास, आत्मविश्वास पग्लिएर
नदी, सागर महासागरसम्म
अनन्त यात्रालाई निरन्तरता दिन्छ ।

### तीन मुक्तक



– रञ्जना पराजुली लम्साल

१.
राजधानी शहर चाहे रोल्पा, डोल्पा, रुकुमबासी हुन्
ऐश आराममा रमाउने तिनी हुकुमबासी हुन्
जो गाँसको लागि भौतारिदै साँझ पेटीमा निदाउछ
लाग्छ अन्यायमा परेका तिनीहरु सुकुम्बासी हुन् ॥

२.
मान्छेलाई भरपर्दो साथ चाहिन्छ
त्योभन्दा बढी बलियो हात चाहिन्छ ।
मनले चाहेकोजस्तै हुनका लागि त
आशीर्वाद पाउने भाग्यमानी माथ चाहिन्छ ॥

३.
घाउ हो दुख्छ नथाकुन्जेल दुख्न देउ
नदेखाइ पीडा मनभित्रै लुक्न देउ ।
बिरानो भइ जब उ टाढिन्छ तिमी देखि
सम्झेर नझार आँशु आँखामै सुक्न देउ ॥

## लघुकथा

■ मित्र उराठी गौतम



# संगतको फल

"घर छिर्न पा"छैन् कुरै नबुझि रन्किन्छे । यसो कहिलेकाहीँ साथीसँग बस्दा पनि आकासै खस्ने जस्तो ? उनीहरूका पनि त बुढी छन् तिनले त केही बोल्दैनन् । दिन भरि घरमा बस्यो, त्यही पानी पकायो खायो भै त हाल्यो । कति न कोदालै खन्न परे जस्तो ? जाबो अलि अलि रुघा त हो, सिकिस्तै भा"को त हैन् नि ?" सम्हालिन खोज्दा खोज्दै पनि बिजुलीपानीको करामत देखाइ छाड्यो जुद्धले ।

"सिँगान बगिरह्यो । हाच्छ्यूँ पनि कति आएको हो ? टाउको पनि चड्किरहेको छ । ए बुढी आउन, एकैछिन टाउको मालिस गरिदेउ ।", रूघाले ग्रस्त जुद्धले पत्नी रूपालाई पुकाऱ्यो ।

"ल पिउनुस् यो पानी । तुलसीपात, ज्वानो, बेसार, पुदिना आदि मिसाएर पकाएको हो । यो सेवन गरेपछि विशेक हुँदै जान्छ । मेथी फुराएको तेल तालुमा छापे पछि ठिक भै हाल्छ ।", भन्दै रूपाले सानो बच्चालाई जस्तै टाउकोमा तेल छापिदिइन् ।

यसरी रूपाको स्याहार, सुसार र खानपानले जुद्ध तीन दिनमा ठिक भै हाल्यो । ठिक भएपछि उसको कार्यालयको दैनिकी पुनःसुचारू भयो ।

आखिर मौसम परिवर्तनको समय छ।बुढालाई भएको रूघाखोकीले बुढीलाई पनि समाइहाल्यो ।

रूघा लागे पनि बुढोलाई जस्तो थपक्क सुतेर बुढीलाई नपुग्दो रहेछ । न्यास न्यास गर्दै भान्छा तयार गर्नु बुढालाई कार्यालय पठाउनु र बालबच्चा स्याहार्नु त बुढीको जिम्मेवारी छँदै छ । यसो कति कति बेला मैले के सघाऊँ बुढी भन्दै जुद्ध भान्छामा छिर्छ र मुखले सन्तोक लगाउँछ ।

"हैन् जुद्ध, तिमी बिरामी भएपछि त यसो बसाई पनि भएको छैन् । आज गुड फ्राइडे हान्दिऊँ न त ।", भरतले प्रस्ताव राख्यो ।

"मौसले पनि च्यालेञ्ज गरेको छ।जे पर्ला पर्ला हान्दिऊँ ।", सुरेश जोस्सियो ।

"हैन् यार बुढी विरामी छ।समयमै पुग्नु पर्छ, पछि बसौंला नि ।", जुद्ध पञ्छिन खोज्यो ।

"कस्तो जोइटिङ्गे यार ? बुढीसँग डराएर पनि काम चल्छ ? जाबो रूघासुघा के विरामी ? फेरि कसले राती पार्ने भनेको छ र ? एकैछिन त हो नि ।", भरतले पेलेरै भन्यो । भरत र सुरेशको अगाडि जुद्धको केही लागेन । करैले भए पनि स्वीकार गऱ्यो ।

बसे पछि कहाँ हुन्थ्यो र छिटो ? झमक्क साँझ भै हाल्यो ।

घर पुग्दा त रातै पऱ्यो ।

"आज शुक्रबार, छिट्टै आउनुहोला र केही सहयोग होला भन्यो मतलबै छैन । आफूलाई कति गाह्रो भैरहेको छ ? केटाकेटीले उस्तै हैरान पारेका छन् । के यस्तै बेला खानु पर्छ ? अघिपछि खानै नपाए जस्तो ।", रूपा अलि तात्तिई ।

"घर छिर्न पा'छैन् कुरै नबुझि रन्किन्छे । यसो कहिलेकाहीँ साथीसँग बस्दा पनि आकासै खस्ने जस्तो ? उनीहरूका पनि त बुढी छन् तिनले त केही बोल्दैनन् । दिन भरि घरमा बस्यो, त्यही पानी पकायो खायो भै त हाल्यो । कति न कोदालै खन्न परे जस्तो ? जाबो अलि अलि रूघा त हो, सिकिस्तै भा'को त हैन् नि ?" सम्हालिन खोज्दा खोज्दै पनि बिजुलीपानीको करामत देखाइ छाड्यो जुद्धले ।

## तपाईको राशिफल

- **मेष** : मनोरञ्जन बढ्नेछ । कार्यलाई टार्नु हुँदैन ।
- **वृष** : प्रियजनसँग भेट हुनेछ । आत्मविश्वास राख्नुहोला ।
- **मिथुन** : पारिवारिक सहयोग प्राप्त हुनेछ । मन अलि बेचैनी हुनेछ ।
- **कर्कट** : अर्काको कारण विवादको योग छ । कार्यहरू भने सफल हुनेछन् ।
- **सिंह** : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । पैतृक सम्पत्ति प्राप्तिको योग छ ।
- **कन्या** : व्यापारको लागि शुभ समय छ । अन्य कामहरू पनि सफल हुनेछन् ।
- **तुला** : पारिवारिक उल्झन् रहनेछ तर, पद वृद्धिको योग छ ।
- **वृश्चिक**: स्वास्थ्य राम्रो रहनेछ । राजनैतिक लाभ प्राप्त हुने योग छ ।
- **धनु** : आनन्दित रहने योग छ । जनसम्पर्कमा वृद्धि हुनेछ ।
- **मकर** : आफ्ना इष्टमित्रहरूसँग भेटघाट हुनेछ । सम्मानमा वृद्धि हुन्छ ।
- **कुम्भ** : विस्तारै सफलता प्राप्त हुन्छ । घरेलू जीवन सुखमय रहन्छ ।
- **मीन** : साथीभाइबीच सुमधुर सम्बन्ध बनिरहनेछ । जोखिम नलिनु होला ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*
